**पोखरा विश्वविद्यालय**

# छात्रवृत्तिसम्बन्धी सूचना

## Bachelor of Arts Bachelor of Laws (B.A.LL.B.)

**(प्रथम पटक प्रकाशित मिति : २०७९/०७/२९ गते मंगलबार)**

**(पोखरा विश्वविद्यालयको वेबसाइटमा)**

पोखरा विश्वविद्यालयको आङ्गिक स्कुलमा यसै शैक्षिकशत्र देखि संचालनमा आएको **Bachelor of Arts Bachelor of Laws (B.A.LL.B.)** कार्यक्रममा पोखरा विश्वविद्यालय छात्रवृत्तिसम्बन्धी नियमावली, २०६५ बमोजिम निःशुल्क छात्रवृत्ति अध्ययनका लागि खुला प्रतियोगिताबाट उम्मेदवार छनोट गर्नुपर्ने भएको हुँदा निम्न योग्यता पुगेका नेपाली नागरिकहरूबाट दरखास्त आह्वान गरिएको छ । विश्वविद्यालयलाई प्राप्त हुनजाने छात्रवृत्ति कोटाहरू मध्ये स्थानीय छात्रवृत्ति र शिक्षक तथा कर्मचारी सन्तति छात्रवृत्तिको कोटा बाहेक ६० प्रतिशत कोटा खुला र ४० प्रतिशत कोटा **अपाङ्ग, सहिद तथा जनआन्दोलन घाइते पीडित, दुर्गम, दलित, जनजाति र मधेसी समुदायलाई** सुरक्षित गरिने छ । खुला र आरक्षित दुवै प्रकारका छात्रवृत्ति कोटामा **महिलाहरूका लागि ५०/५० प्रतिशत छात्रवृत्ति कोटा** सुरक्षित गरिनेछ ।

उल्लेख भएअनुसारको विश्वविद्यालयलाई प्राप्त हुनजाने निःशुल्क छात्रवृत्ति कोटामा नियमानुसार सार्वजनिक विद्यालयमा कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसईई वा एसएलसी उत्तीर्ण गरेका र छात्रवृत्ति छनौंट प्रवेश परीक्षामा समेत सफल भएका उम्मेदवारहरुलाई तेस्रो चरणको (Scholarship Awarded List-III) छात्रवृत्ति वितरण गरी सकेपछि पनि कोटा रिक्त रहन गएमा सार्वजनिक विद्यालय (कक्षा ६ देखि १० सम्म अध्ययन गरेका बाहेक) र संस्थागत विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गरेका उम्मेदवारहरुलाई समेत मेरिटका आधारमा छात्रवृत्ति उपलब्ध गराइनेछ ।

साथै सार्वजनिक विद्यालय (कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरेका बाहेक) र संस्थागत विद्यालयमा अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्ण गरेका उम्मेदवारहरुले तोकिएको कागजातहरु बाहेक कुनै पनि प्रकारका सिफारिस पत्र पेस गर्नुपर्ने छैन । उम्मेदवारहरुबाट प्रत्येक सङ्कायका लागि तोकिएको दरखास्त दस्तुर **पोखरा विश्वविद्यालय केन्द्रीय कार्यालयको नाममा रहेको तपशिल बमोजिमको मध्ये कुनै एक बैंक खातामा जम्मा** गरी बैंक भौचरमा अनिवार्य रूपमा Transaction ID राखी अनलाइन दरखास्त फाराम सँगै पेस गर्नुपर्नेछ ।

Transaction ID बैंक भौचरमा बैंकले राखिदिने छन् । Transaction ID बैंकले उल्लेख गरेको छ छैन भन्ने कुरा सम्बन्धित उम्मेदवारहरुले बैंक भौचरको प्रतिलिपि लिदा अनिवार्य चेक गर्नुपर्नेछ । Phone Pay or e-Sewa मार्फत पनि तोकिएको दरखास्त दस्तुर भुक्तानी गर्न सकिनेछ । e-Sewa मार्फत भुक्तानी गर्दा Phone Pay optional लाई नै चुज गरेर गर्नुपर्ने छ । भुक्तानी गरिएको रकमको भौचर वा स्कीनसट (Screenshot) र Transaction ID अनिवार्य अनलाइन दरखास्त फाराम भर्दा उल्लेख भएको र समावेश गरिएको हुनुपर्नेछ ।

| | |
|---|---|
| **Account Holder's Name**: Pokhara University Central Office | **Bank**: Kamana Sewa Bikas Bank Ltd. |
| **Account Number**: 01700300024568000015 | **Branch**: Dhungepatan, Pokhara |
| **OR** | |
| **Account Holder's Name**: Pokhara University Central Office | **Bank**: Nepal Bank Ltd. |
| **Account Number**: 19200106993775000001 | **Branch**: Prithivichowk, Pokhara |

**१. छात्रवृत्तिको प्रकारः-**

**क**) खुल्ला छात्रवृत्ति **ख**) स्थानीय छात्रवृत्ति **ग**) दलित छात्रवृत्ति **घ**) जनजाति छात्रवृत्ति **ङ**) दुर्गम छात्रवृत्ति **च**) अपाङ्ग, सहिद तथा जनआन्दोलन घाइते पीडित छात्रवृत्ति **छ**) शिक्षक कर्मचारी सन्तति छात्रवृत्ति र **ज**) मधेसी समुदाय छात्रवृत्ति ।

**२. छात्रवृत्ति उपलब्ध हुने कार्यक्रम: Bachelor of Arts Bachelor of Laws (B.A.LL.B.)**

**३. सार्वजनिक विद्यालयमा कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसईई वा एसएलसी उत्तिर्णगर्ने उम्मेदवारहरूले अनलाइन दरखास्त फाराम भर्दा निम्न बमोजिमका योग्यता, सर्तहरू पूरागरी दरखास्तसँगै देहायका कागजातहरू पेश गर्नुपर्ने छ :**

(क) नेपाली नागरिकताको प्रमाणपत्र,

(ख) सार्वजनिक विद्यालयमा कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसईई वा एसएलसी उत्तीर्ण गरेको भनि अनुसूचि-२ को फाराममा एसईई वा एसएलसी उत्तीर्ण गरेको सम्बन्धित विद्यालयको प्रधानाध्यापकले र सम्बन्धित स्थानिय निकायको शिक्षा प्रमुखले सिफारिस गरेको सिफारिस पत्र,

(ग) एसईई वा एसएलसी वा सो सरहको परीक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्र,

(घ) प्रमाणपत्र तह वा **१०+२** तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्र,

(ङ) A-Level वा अन्य परीक्षा बोर्डबाट उत्तीर्ण गरेकाहरूले पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट उपलब्ध गराइएको समकक्षताको (Equivalency Certificate) प्रमाणपत्र,

(च) अपाङ्गले राष्ट्रिय अपाङ्ग महासंघ वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अपाङ्ग भनी उपलब्ध गराएको सिफारिस पत्र,

(छ) दुर्गम क्षेत्र आरक्षण सिटका लागि दरखास्त दिने उम्मेदवारहरूले दुर्गम जिल्ला/क्षेत्रहरू (**अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला**) मा स्थायी बसोबास गरी सोही जिल्ला/क्षेत्रहरूको सार्वजनिक विद्यालयमा कम्तीमा कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरी एसईई वा एसएलसी परीक्षा उत्तीर्ण गरेको भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट, सम्बन्धित पालिकाबाट वा वडा कार्यालयबाट उपलब्ध गराएको सिफारिस पत्र,

(ज) जनजातिले आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान वा सम्बन्धित स्थानीय तहबाट आदिवासी/जनजाति भनी उपलब्ध गराएको सिफारिस पत्र,

(झ) दलितले दलित राष्ट्रिय आयोग वा सम्बन्धित स्थानीय तहबाट दलित जाति भनी उपलब्ध गराएको सिफारिस पत्र,

(ञ) मधेसी समुदायका व्यक्तिले सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट मधेसी भनी उपलब्ध गराएको सिफारिस पत्र,

(ट) वेपत्ता पारिएका व्यक्ति वा सहिद परिवार तथा घाइते वा निजको सन्ततिले गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट उपलब्ध गराएको सिफारिस पत्र,

(ठ) छात्रवृत्तिको लागि तोकिएको योग्यताको न्यूनत्तम तह विश्वविद्यालयबाट वा मान्यताप्राप्त शैक्षिक संस्थाबाट उत्तिर्ण भएको मितिले ३ वर्ष भन्दा बढी अवधि (शैक्षिक प्रमाण पत्रमा उल्लेख गरिएको दरखास्त लगाउने अन्तिम दिनसम्म) नपुगेकाले मात्र दरखास्त पेश गर्न सक्नेछन् । तर शैक्षिक प्रमाण पत्रमा Completion date (Year-Month-Date) प्रष्ट नखुलेको अवस्थामा सम्बन्धित परीक्षाबोर्ड/परीक्षा नियन्त्रण कार्यालयले नै Completion date (Year-Month-Date) खुलाएको प्रमाणित प्रतिलिपी सम्बन्धित उम्मेदवारले अनिवार्य दरखास्तसाथ पेश गर्नुपर्नेछ।

**४. B.A.LL.B. कार्यक्रममा भर्ना पाउनकालागि तोकिएको न्यूनतम शैक्षिक योग्यता**

| |
|---|
| A student who has passed School Level Certificate Education (SLCE) / (10+2) level from the National Examinations Board with a minimum C+ Grade in aggregate (CGPA 2.4 in a 4.0-grade point system) or any other equivalent degree in any subject with a minimum 50 per cent marks from a recognized board. |

**५. सार्वजनिक विद्यालय (कक्षा ६ देखि कक्षा १० सम्म अध्ययन गरेका बाहेक) वा संस्थागत विद्यालयमा अध्ययन गर्ने उम्मेदवारहरूले दरखास्तसाथ देहायका कागजातहरू पेस गर्नुपर्ने छ :**

(क) नेपाली नागरिकताको प्रमाणपत्र,
(ख) एसईई वा एसएलसी वा सो सरहको परीक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्र र चारित्रिक प्रमाणपत्र,
(ग) प्रमाणपत्र तह वा **१०+२** तह वा सो सरहको परीक्षा उत्तीर्ण गरेको लब्धाङ्कपत्र (Transcript) र चारित्रिक (Character Certificate) प्रमाणपत्र,
(घ) A-Level वा अन्य परीक्षा बोर्डबाट उत्तीर्ण गरेकाहरूले पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुरबाट उपलब्ध गराइएको समकक्षताको (Equivalency Certificate) प्रमाणपत्र

**६. स्थानीय छात्रवृत्तिको लागी :**

- स्थानीय छात्रवृत्तिका लागि विश्वविद्यालयको आङ्गिक कार्यक्रम (Bachelor of Arts Bachelor of Laws (B.A.LL.B.)) मा आवेदन गर्ने उम्मेदवारहरू कास्की जिल्लाको पोखरा महानगरपालिका क्षेत्रभित्र स्थायी रूपमा बसोबास गर्ने भनि पोखरा महानगरपालिका वा सम्बन्धित वडा कार्यालयबाट उपलब्ध गराएको सिफारिस पत्र पेश गर्नुपर्नेछ । मेरिट लिष्टमा समावेश हुने स्थानिय छात्रवृत्तिका आवेदक उम्मेदवारहरुमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने एकजनालाई उक्त कार्यक्रममा स्थानीय छात्रवृत्ति प्रदान गरिनेछ र बाँकी आवेदकहरुको हकमा मेरिटका आधारमा नियमानुसार खुल्ला छात्रवृत्तिमा समावेश गरिनेछ ।

**७. शिक्षक तथा कर्मचारी सन्तती छात्रवृत्तिको लागी :**

- शिक्षक तथा कर्मचारी सन्तति छात्रवृत्ति कोटा अन्तर्गत छात्रवृत्ति दरखास्त फाराम भर्दा उम्मेदवारहरुले आफ्नो अभिभावक (**पोखरा विश्वविद्यालयमा कार्यरत बुबा वा आमा**) सँगको नाता प्रमाणित गरेको कागजातको सिफारिस पत्र र अभिभावकलाई **पोखरा विश्वविद्यालयले दिएको नियुक्ति पत्र** पेश गर्नुपर्नेछ ।

**८. दरखास्त दस्तुरः**

- छात्रवृत्ति कार्यक्रममा भागलिने उम्मेदवारहरुले रु.१५००।-(अक्षेरुपी एक हजार पाँचसय मात्र) आवेदन दस्तुर बुझाउनु पर्नेछ । तोकिएको दस्तुर सहित बुझाएको अनलाइन दरखास्त फाराम कुनै पनि कारणबाट अस्वीकृत हुन गएमा रकम फिर्ता हुनेछैन ।

**९. अनलाइन दरखास्त फाराम भर्ने मितिः** २०७९/०८/०१ गते विहीबार देखि ।

**१०. अनलाइन दरखास्त फाराम भर्ने अन्तिम मितिः** २०७९/०८/१५ गते विहीबारसम्म ।

**११. प्रवेशपत्र वितरणः** अनलाइन दरखास्त फाराम सदर भएका सबै उम्मेदवारहरुले अनलाइन मार्फत नै प्रवेशपत्र प्राप्त गर्ने व्यवस्था हुनेछ । अनलाइनबाट प्रवेशपत्र प्राप्त गर्ने तरिका र समयका बारेमा सूचना मार्फत जानकारी गराइनेछ ।

**१२. परीक्षा हुने मितिः**

- २०७९/०८/२४ गते शनिबार विहान ११:०० बजे ।

**१३. परीक्षाको किसिमः** लिखित (वस्तुगत) हुनेछ ।

**१४. लिखित परीक्षाको समय :** तीन घण्टा हुनेछ ।

**१५. परीक्षा केन्द्रः** पोखरा विश्वविद्यालय प्राज्ञिक भवन कम्प्लेक्स, पोखरा-३०, कास्कीमा हुनेछ ।

**१६. लिखित परीक्षा लिइने विषयहरूः**

**(क)** English Language Proficiency (Grammar, Vocabulary, Reading Comprehension/Passage) - **३० अङ्क**
**(ख)** Logical Reasoning - **३० अङ्क**
**(ग)** Basic Knowledge of Law (Constitution, Jurisprudence, Civil Law, Criminal Law, Environmental Law, Family Law etc.) - **३० अङ्क**
**(घ)** Basic Knowledge of Liberal Arts (Sociology, Economics, Political Sciences) **-३० अङ्क**
**(ङ)** General Knowledge - **३० अङ्क**

छात्रवृत्ति छनौंट परीक्षा १५० पूर्णाङ्कको हुनेछ । प्रवेश परीक्षामा उत्तिर्ण हुन ४० प्रतिशत ल्याउनुपर्नेछ ।

**नोटः** उम्मेदवारहरुले छात्रवृत्तिसम्बन्धी Notice र Instructions को राम्रो अध्ययन गर्नुपर्नेछ । उक्त Notice र Instructions **https://pu.edu.np** र **https://scholarship.pu.edu.np** मा उपलब्ध छ ।

**सम्पर्कका लागि :**

पोखरा विश्वविद्यालय, केन्द्रीय कार्यालय, छात्रवृत्ति शाखा, पोखरा-३०, कास्की ।

फोनः ०६१-५०४०४६/०६१-५०४०३८

**स्नातक तह छात्रवृत्ति छनौंट समिति, २०७९**
**पोखरा विश्वविद्यालय**
**पोखरा-३०, कास्की ।**